रेसुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(शिक्षा,युवा तथा खेलकुद शाखा)

प.स..०७८/०७९
च.नं. : २०६

लुम्बिनी प्रदेश, नेपाल

मिति : २०७८/०५/२३

विषय : विद्यालयको पठन पाठन सञ्चालन र व्यवस्थापन सम्वन्धमा ।

श्री रेसुङ्गा नगरपालिका अन्तर्गत सञ्चालित सवै(सामुदायिक तथा संस्थागत)विद्यालयहरु, गुल्मी ।

प्रस्तुत विषयमा, रेसुङ्गा नगर शिक्षा समिति, गुल्मीको मिति २०७८/०५/१३ को बैठकको निर्णयानुसार, हाल विद्यालयहरुमा सञ्चालन भएको वैकल्पिक प्रणालीबाट विद्यार्थीहरुको सिकाइ सहजीकरण प्रकिया अनलाइन, CUG, टेलिफोनमा आधारित शिक्षण सिकाईवाट लामो समय सम्म विद्यार्थीको सिकाइ प्रभावकारिताको हिसावले कमजोर सावित भएकोले, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७०७२० को मा.मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत **“कोभिड-१९ को सन्दर्भमा : विद्यालय सञ्चालन सम्वन्धी कार्यढाँचा, २०७७ ”** को बुँदा नं. ३ मा उल्लेखित प्रावधानहरु अनुसार टोल शिक्षण वा आलोपालो सिफ्ट वा अन्य उपयुक्त मोडालिटिवाट बुँदा नं. ४ मा उल्लेखित भौतिक दुरि, स्वास्थ्य मापदण्ड, सुरक्षित वातावरण जस्ता पक्षमा विशेष ध्यान दिएर शिक्षक र विद्यार्थी वीच प्रत्यक्ष रुपमा(भौतिक उपस्थितिमा) सिकाई सहजीकरण गर्ने गरी सिकाइलाई थप व्यवस्थापन गर्नका लागि जिल्ला कोभिड-१९ व्यबस्थापन समितिसँग समन्वय तथा अनुरोध गर्ने भन्ने निर्णय गरिएको र उक्त समितिको मिति २०७८।०५।२० को बैठकको निर्णयानुसार सम्बन्धित स्थानीय तहलाई सक्रमणको अवस्था बिश्लेषण गरी तदनुरुप उक्त समितिसँगको समन्वयमा विद्यालय सञ्चालनको आवश्यक निर्णय लिन सक्ने गरी जिम्मेवारी प्रदान गरिएको साथै कोभिड-१९ संकट व्यबस्थापन केन्द्रवाट जारि गरिएको कोभिड-१९ संक्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि २०७८ मा उल्लेखित प्रावधान अनुसारको मूल्यांकनबाट संक्रमण चुनौतिलाई क्रमश: अति उच्च, उच्च, मध्यम र न्यून गरी चार तहमा वर्गीकरण गरिए अनुरुप शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कार्यान्वयनमा ल्याएको कार्ययोजना अनुसार तपसिल बमोजिमको प्रकिया र मापदण्ड अनुसार विद्यालयको पठन पाठन सञ्चालन र व्यबस्थापन, उच्च शिक्षा तथा प्राविधिक शिक्षाको सञ्चालन र व्यबस्थापन साथै परीक्षा सञ्चालन तथा व्यबस्थापन सम्वन्धी कार्य गर्नु गराउनुहुन अनुरोध छ ।

तपसिल :

१. नगर वडा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, स्थानीय सामाजिक अभियन्ता, समाजसेवी, वुद्धिजिवी, शिक्षाप्रेमी, स्वास्थ्य केन्द्रका स्टाफ र शिक्षक स्टाफ समेतको समुपस्थितिमा वैठक आयोजना गर्ने र उक्त बैठकमा कोभिड-१९ संक्रमणको चुनौती मापन गर्दा संक्रमण दर, संक्रमणमा उतारचढाव, नयाँ संक्रमण संख्या, अस्पताल भर्ना प्रतिशत र मृत्यु दर समेतका सूचकहरुको अलावा पछि देखा पर्नसक्ने नयाँ भेरियन्ट र त्यसको प्रभाव समेतको आधारमा अति उच्च, उच्च, मध्यम र न्यून कुन अवस्था छ विश्लेषण गर्ने र बैठकको छलफलवाट निकालिएको निश्कर्ष

रेसुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(शिक्षा,युवा तथा खेलकुद शाखा)
तम्घास,गुल्मी

प.स..०७८/०७९
च.नं. :

लुम्बिनी प्रदेश, नेपाल

अनुसार संक्रमणको जोखिम, विद्यार्थी संख्या तथा उपलब्ध भौतिक पूर्वाधार समेतको आधारमा व्यवस्थापनमा सहजताका लागि विद्यालयले विद्यालय सम्बद्ध सरोकारवालाहरुसंगको परामर्शको आधारमा तपसिल अनुसारका विकल्पहरु मध्येवाट उपयुक्त विकल्प प्रयोग गर्ने तयारी गरी मिति २०७८/०५/२७ देखि अनिवार्यरुपमा कार्यान्वयन गर्नु गराउनुहुन निर्णयानुसार अनुरोध गरिन्छ ।

२. हाल रेसुङ्गा नगरपालिका अन्तर्गतका १४ वटै वडामा संक्रमण जोखिमको मूल्यांङ्कनका आधारमा संक्रमणको श्रृंखलाको विश्लेषण गर्दा तत्कालका लागि Soft Lock Down(Yellow) र Minimal Lock Down(Green) को अवस्था देखिएको हुनाले कोभिड-१९ संकट व्यबस्थापन केन्द्रवाट जारि गरिएको कोभिड-१९ संक्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि २०७८ साथै कोभिड महामारीको अवस्थामा हुनसक्ने निशेधाज्ञाको प्रकृति अनुरुप शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलसंग सम्बन्धित कियाकलापहरुको कार्यान्वयन सम्बन्धी कार्ययोजनामा उल्लेखित तपसिलको प्रावधान अनुसार कार्यान्वयन गर्ने ।

**(क) : मध्यम अवस्था Soft Lock Down(Yellow)**

**विद्यालयको पठन पाठन सञ्चालन र व्यवस्थापन सम्बन्धमा :**

- शिक्षकले विद्यालयमा उपस्थित भई थप सिकाइ सामाग्री तथा प्रत्येक हप्ताको लागि विद्यार्थी कृयाकलाप र गृहकार्य तयार गर्ने ।
- विद्यार्थीहरुलाई छुट्टाछुट्टै समयमा विद्यालयमा वा सिकाइ केन्द्रमा भौतिक दुरी कायम हुने साना साना समुहमा बोलाएर सिकाइ सामाग्री/गृहकार्य वितरण गर्ने, विद्यार्थीले गरेका गृहकार्य संकलन गर्ने र आवश्यक पृष्ठपोषण दिई निरन्तर मूल्यांकन गर्ने ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको विद्यालय सञ्चालन सम्वन्धी कार्यढाँचा, २०७७ अनुसारका मापदण्डहरु तथा प्रकृया पुरा गरी कुल कक्षा संख्या वा विद्यार्थी संख्याको एक तिहाइ आलोपालो वा सिफ्टमा उपस्थित गराइ पठन पाठन गर्ने ।

**उच्च शिक्षा तथा प्राविधिक शिक्षाको सञ्चालन र व्यवस्थापन सम्बन्धमा :**

- शिक्षण संस्थाहरुले विद्यार्थीहरुलाई छुट्टाछुट्टै समयमा कार्यक्रमगत रुपमा स-साना समुहमा विभाजन गरी कुल कक्षा संख्या वा विद्यार्थी संख्याको एक तिहाइ आलोपालो वा सिफ्टमा उपस्थित गराइ पठन पाठन गर्ने र सम्बन्धित विश्वविद्यालयलाई विद्युतीय माध्यमवाट जानकारी गराउने ।

**परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा :**

# रेंसुङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
(शिक्षा, युवा तथा खेलकुद शाखा)
तम्धास, गुल्मी

प.स. ०७८/०७९
च.नं. :

लुम्बिनी प्रदेश, नेपाल


- विद्यालय, कलेज, विश्वविद्यालय, वोर्ड तथा परिषदहरुले स्वास्थ्य मापदण्ड र भौतिक दुरि कायम गरी एक बेन्चमा एक जना जेड(Z) आकारमा विद्यार्थी वसाइ व्यवस्था गर्ने गरी होमसेन्टरमा परीक्षा सञ्चालन गरी व्यवस्थापन गर्ने गराउने ।

(ख) : न्यून अवस्था **Minimal Lock Down(Green)**

**विद्यालयको पठन पाठन सञ्चालन र व्यवस्थापन सम्बन्धमा :**

- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको विद्यालय सञ्चालन सम्वन्धी कार्यढाँचा, २०७७ अनुसारका मापदण्डहरु तथा प्रकृया पुरा गरी पठन पाठनका कार्यहरु सञ्चालन गर्ने ।

**उच्च शिक्षा तथा प्राविधिक शिक्षाको सञ्चालन र व्यवस्थापन सम्बन्धमा :**

- स्वास्थ्य सुरक्षाका मापदण्ड तथा भौतिक दुरि कायम गरी पठन पाठनका कार्यहरु सञ्चालन गर्ने

**परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा :**

- विद्यालय, कलेज, विश्वविद्यालय, वोर्ड तथा परिषदहरुले स्वास्थ्य सुरक्षाका मापदण्ड र भौतिक दुरि कायम गरी परीक्षा सञ्चालन गर्ने ।

३. माथि उल्लेख गरिए अनुसार अवस्थाको विश्लेषण गरी धेरै विद्यार्थी हुने विद्यालयहरुले विद्यार्थीको जोर विजोर रोल नम्बर प्रणाली वा कुनै विधि अपनाएर एउटा कक्षा कोठामा २० जना भन्दा वढी र एउटा वेन्चमा २ जना भन्दा वढी विद्यार्थी नराखी सोही अनुसारका सिफ्ट वा सिकाई केन्द्रमा कक्षा सञ्चालन गर्ने र थोरै विद्यार्थी संख्या भएका एउटै सिफ्टमा विद्यालय सञ्चालन गर्न सक्ने विद्यालयले १० देखि ४ बजेसम्म विद्यालय सञ्चालन गर्ने । विद्यालयमा ज्वरो मापक यन्त्र, हात धुनका लागि साबुन पानीको व्यबस्था मिलाउने । सांमुदायिक विद्यालयहरुले पालिकावाट उपलब्ध गराइएको स्वास्थ्य सामाग्री खरिद गर्ने रकमवाट आवश्यक सामाग्री विद्यालयवाट खरिद गरी विद्यार्थीहरुलाइ निशुल्क माक्स वितरण, निशुल्क सेनिटरी प्याड वितरण, प्रा.वि. तहमा निशुल्क दिवा खाजा व्यबस्थापन गर्ने । मावि तथा निमावि तहमा समेत विद्यालयले तोकेको क्यान्टिनबाट सशुल्क स्वास्थ्यकर खाजा उपलब्ध हुन सक्ने व्यबस्था मिलाउने । स्थानीय स्वास्थ्य कार्यकर्ता, सामाजिक परिचालक, मनोपरामर्शदाता, उपलब्ध भएमा कोरोनाको संकमण भइ निको भएका व्यक्ति, कोभिड सम्पर्क शिक्षक तोकेर वालवालिका, शिक्षक तथा कर्मचारी, अभिभावकहरुलाई आवश्यकता अनुसार मनोसामाजिक परामर्श दिने व्यवस्था मिलाउने । कोभिड १९ कोरोनाको संकमण बढेको अवस्थामा मात्र पालिका र जिल्ला कोभिड व्यबस्थापन

समितिसँग समन्वय गरी विद्यालय बन्द गर्ने । विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचाको अनुसूची १ को रुजुसूची प्रयोग गरी सुरक्षित विद्यालयको प्रत्याभूति गर्ने । विद्यार्थीहरुकै सहभागीतामा आंचारसंहिता निर्माण गरी सो को पालना गर्न लगाउने । (आचार संहिताको नमुना : जथाभावी नथुकौं । डष्टविनमा मात्र फोहोर फालौं । ज्वरो, रुघा, खोकी भएमा कक्षा शिक्षकलाई जानकारी गराई नजिकको स्वास्थ्य संस्थामा परीक्षण गर्न जाऔं । मास्कको अनिवार्य प्रयोग गरौं । भौतिक दुरीको पालना गरौं । नियमित रुपमा साबुन पानीले हात धुने गरौं । परियोजना कार्यहरु समयमा नै सम्पन्न गरी पोर्टफोलियोमा राख्ने गरौं । भेट हुदा हात नमिलाऔं, अगालो नमारौं, नमस्कार गरौं । पा.पु. लगायतका शैक्षिक सामग्रीहरु आफ्नो मात्र प्रयोग गरौं । स्वास्थ्य सुरक्षाको ख्याल गरी खाजा खाने बानी बसालौं । घरमा वा छिमेकमा संकास्पद विरामी व्यक्तिहरुको समिपमा नजाऔं । आदि )

४. विद्यालयमा सवै शिक्षक स्टाफहरु, विद्यालय व्यवस्थापन समिति , शिक्षक अभिभावक संघ र विद्यालयको सेवा क्षेत्र भित्र रहेका अभिभावकहरुलाई सम्पर्क गरी सङ्क्रमणकालीन व्यवस्थापन सम्वन्धमा छलफल गर्ने र आवश्यकता अनुसार रणनीति तथा कार्ययोजना तयार गरी कार्यढाँचाको कार्यान्वयनमा उल्लेखित भूमिका निर्वाह गर्न अनुरोध गरेर आ-आफ्ना नानीवावुहरुलाई निरन्तर सिकाइ सहजीकरणको लागि सहयोग गर्न अभिप्रेरित गर्ने, गराउने ।

५. सम्पूर्ण शिक्षक स्टाफहरुले कार्यढाँचाको वुँदा ४.२ मा उल्लेखित सिकाइ सहजीकरण सम्वन्धमा शिक्षकको भूमिका वमोजिको ११ वटा पक्षहरुको आधारमा कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने, गराउने ।

६. २०७८ भाद्र मसान्त सम्ममा आफ्नो सेवाक्षेत्र भित्र रहेका र भर्ना हुंन वाँकी रहेका विद्यार्थीहरुलाई भर्ना गरी सक्ने र भर्ना भएका विद्यार्थीहरुको आधारमा IEMIS अद्यावधिक गरी Upload गर्ने र सो को विवरण शिक्षा शाखामा अनिवार्यरुपमा उपलब्ध गराउने ।

७. सिकाइ सहजीकरण गर्दा राष्ट्रिय पाठ्यक्रम प्रारुप र कक्षगत एवम् विषयगत पाठ्यक्रममा तोकिएका सिकाइ उपलब्धिहरु पूरा गराउने गरी शैक्षिक सत्रको व्यवस्थापनका लागि विद्यालयले पाठ्यक्रम विकास केन्द्रले तयार गरेको पाठ्यवस्तु समायोजन ढाँचा, २०७७ बमोजिम सङ्क्रमणकालीन वार्षिक कार्यतालिका र सवै शिक्षकहरुले सङ्क्रमणकालिन वार्षिक शैक्षणिक योजना तयार गरी प्रयोग गरिनु पर्ने

८. लक्षण देखिएका विद्यार्थीलाई विदामा वसाल्नु परेमा पनि शिक्षा तथा मानव स्रोत विकास केन्द्रवाट सम्प्रेषित हरेक महिनाको १- १५ र १६ देखि ३० सम्म विभिन्न रेडियो तथा टेलिभिजनवाट प्रसारण हुने श्रब्य तथा श्रब्यदृश्य पाठहरुवाट पनि विद्यार्थीहरलाई सिकाइमा सहभागी हुन जानकारी गराइ सो को प्रयोग गर्न अभिप्रेरित गर्ने, गराउने ।

रेसुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(शिक्षा, युवा तथा खेलकुद शाखा)
तम्घास, गुल्मी

प.स..०७८/०७९
च.नं. :

लुम्बिनी प्रदेश, नेपाल

९. विद्यार्थीहरुको विभिन्न निर्माणात्मक परीक्षाहरुको सन्दर्भमा विद्यार्थीहरुको नियमित पठन पाठनमा अवरोध नपुग्ने गरी सम्वन्धित विषय शिक्षकहरुले आ-आफ्नो कक्षा र विषयको परीक्षा फरक फरक मितिमा लिने व्यवस्था मिलाउने ।

१०. सामुदायिक विद्यालयहरुले स्थायी शिक्षकहरुको तोकिए बमोजिमको ढाँचामा तलवी प्रतिवेदन, विद्यालय सुधार योजना, सामाजिक परीक्षणको प्रतिवेदन र ३ महिना श्रावण, भाद्र र असौज साथै चाडपर्व खर्च सहितको माग फाराम असौज ७ गते भित्र शिक्षा शाखामा अनिवार्य रुपमा वुभ्फाउने ।

विष्णुप्रसाद ज्ञवाली
शिक्षा अधिकृत

वोधार्थ :
श्री जिल्ला प्रशासन कार्यालय, तम्घास, गुल्मी ।
श्री शिक्षा विकास तथा समन्वय इकाइ, तम्घास, गुल्मी ।
श्री १४ वटै वडा कार्यालयहरु, रेसुङ्गा नगरपालिका, गुल्मी । - आवश्यक सहयोग, सहजीकरण र समन्वयकारी भूमिका निर्वाह गरिदिनुहुन ।
श्री १४ वटै वडा शिक्षा समितिहरु, रेसुङ्गा नगरपालिका, गुल्मी । - आवश्यक सहयोग, सहजीकरण र समन्वयकारी भूमिका निर्वाह गरिदिनुहुन ।